नेपाल सरकार

# सार्वजनिक खरिद पुनरावलोकन समितिका

अध्यक्ष :- शम्भु बहादुर कार्की
सदस्य :- मणिरत्न तुलाधर
सदस्य :- हेमराज गौतम
बाट भएको निर्णय
२०६६।६७ सालको निर्णय नं.१

बिवाद द.नं.१।०६६।६७

**बिवाद :- पुनरावलोकन गरी पाउँ ।**

श्री रबिन निर्माण सामाग्री तथा खाद्यान्न सप्लायर्स बीरेन्द्रनगर न.पा.-६ सुर्खेतका प्रो. याम बहादुर बि.सि.-१ → पुरावलोकन माग कर्ता/निबेदक

**बिरुद्ध**

श्री मध्य पश्चिमाञ्चल क्षेत्रिय शसस्त्र प्रहरी वल मुख्यालय महेश्वरी बाहिनी बाङ्गेसिमल, सुर्खेत, फ्याक्स नं.५२१७२७ - १
श्री न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्स, रामघाट ४, सुर्खेत-१ → प्रत्यर्थी/ बिपक्ष

शुरु निर्णय गर्ने निकाय प्रमुख :- श्री म.प.क्षे.स.प्र.वल मुख्यालय महेश्वरी बाहिनी पति

बाहिनी पतिले गर्नु भएको निर्णयमा चित्त नबुभि निज समक्ष निबेदन दिएकोमा कुनै निर्णय नदिएकोले सोमा चित्त नबुभेको भनि पुनरावलोकनको लागि परेको निबेदन र बिपक्षबाट प्राप्त प्रतिकृया सहित पेश भएको प्रस्तुत विवादको संक्षिप्त तथ्य र ठहर निर्णय यस प्रकार छ ।

**तथ्य खण्ड**

निबेदक रबिन निर्माण सामाग्री तथा खाद्यान्न सप्लायर्सले पुनरावलोकनको लागि दिएको निबेदन हेर्दा निम्न अनुसार उल्लेख भएको पाइन्छ ।

निबेदक प्रति जवान प्रति दिन रु.८३।४७ मा रासन सप्लाई गर्न सक्षम रहेकोमा प्रति जवान दैनिक रु.१०३।८३ मा रासन सप्लाई गर्ने भनिएको न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्सलाई ठेक्का स्वीकृती गर्ने आशयको पत्र लेखी बोधार्थ दिएकोमा उक्त पत्र २०६६।८।२२ मा प्राप्त गरेकोमा उपरोक्त खरिद कारवाहीमा प्रत्यक्ष त्रुटि रहेको र यस फर्मलाई क्षति पुग्ने सम्भावना रहेकोले पुनरावलोकनको लागि सार्वजनिक निकाय प्रमुख समक्ष मिति २०६६।७।२४

मा निबेदन दिएकोमा सो अवधिभित्र निर्णय नदिएकाले सोको ७ दिनभित्र पुनरावलोकनको निबेदन गर्न आएको हो । २०६८ साल नै नआएकोमा २०६८ साल लेखि गम्भिर त्रुटि गरेको, दररेट प्रति व्यक्ति प्रति दिन रु.८३।४७ लाई नदिई १०३।८८ लाई दिएको, घटिवालाको बोलपत्र स्वीकृत गर्न पर्दछ भन्ने कानूनको मतलव नै नगरेको, सरकारलाई ६९,००,०००।- लाख घाटा गराएको, न्यूनतम मूल्याङ्कित बोलपत्रलाई स्वीकृत गर्नु पर्नेमा सो नगरेकोले न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्सलाई  दिने गरी भएको निर्णय बदर गरी निबेदकको बोलपत्र स्वीकृती गरी सम्झौता गराई पाउँ भन्ने निबेदन जिकिर ।

बिपक्ष श्री म.प.क्षे.स.प्र.वल कार्यालय महेश्वरी बाहिनीले लिएका जिकिरहरु निम्न अनुसार देखिन्छ ।

पत्रमा २०६८।८।७ गते लेखिएको टाईपिङ्गको त्रृटिले रासन बन्दोबस्तीको कार्यलाई सारभूत रुपमा कुनै असर पर्दैन ।

निबेदकले पेश गरेको बोलपत्र बोलपत्र २०६६ को निर्देशन नं.२९(२) तथा ९ वमोजिमको गुणस्तर परिमाण नभएको, दररेट अंक अक्षर दुबैमा नखुलाई केवल अंकमा मात्र उल्लेख गरेकोले रितपूर्वक नभै प्रभावग्राही नभएको, न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्सको बोलपत्र सारभूत रुपमा ग्राह्य भएको, ड्रागन ट्रेडर एण्ड सप्लायर्स भन्दा न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्सको दररेट कम भएको, रासन मुल्याङ्कन समितिले सिफरिस गरेको रबिन निर्माण सामाग्री तथा खाद्यान्न सप्लायर्सको बोलपत्र प्रभावग्राही नभएकोले दररेट कम भएपनि स्वीकृत गर्नुपर्ने होइन ।

ऐनको प्रावधान अनुसार न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्सलाई पत्राचार गरी यी निबेदकलाई जानकारी बोधार्थ दिएको सम्म हो ।

बोलपत्र स्वीकृत, अस्वीकृत गर्ने अधिकार यस कार्यालयलाई भएको, यी निबेदकको बोलपत्र गैह्र कानूनी एवं बेरित हुँदा अस्वीकृत भएको ।

न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्ससंग२०६६।८।७ को पत्रानुसार ०६६।८।१५ मा सम्झौता समेत भई सकेको ।

निबेदकको निबेदन म्याद नाघी दायर भएको र निरर्थक भएकोले खारेज भागी भएको भन्ने शसस्त्र प्रहरी वलको प्रतिकृया रहेको पाइन्छ ।

पुनरावलोकनमा निबेदन कर्ता प्रो.याम बहादुर बि.सि.ले मैले दिएको निबेदन माथि कारवाही नगरी खारेज गरि पाउँ भनी मिति २०६६।९।१६ मा स्वयम समितिमा उपस्थित भै दिनु भएको निबेदन द.नं १ मा दर्ता सनाखत समेत भई सम्बन्धित मिसिलसाथ रहेको देखिन्छ ।

## पुरावलोकन ठहर

बोलपत्रदाता निबेदकको निबेदन जिकिर तथा सो साथ रहेका कागज र सार्वजनिक निकायका प्रमुखको प्रतिकृया सहित प्राप्त कागज एवं पुनरावलोकन कर्ताले समिति समक्ष

दिएको निबेदन समेतका सम्पूर्ण कागजातहरु तथा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ मा भएका व्यवस्था समेतलाई मध्यनजर राखी अध्ययन गरी पुनरावलोकन गर्दा देखिएको निचोड यस प्रकार छ :

१. निबेदक रबिन निर्माण सामाग्री तथा खाद्यान्न सप्लायर्स सहितका जम्मा १८ फर्महरुबाट बोलपत्र दाखिला भएको ।
२. प्राप्त बोलपत्रहरु बोलपत्रदाता र कार्यालय प्रतिनिधीको रोहवरमा खोली मुल्याङ्कन समिति समक्ष पेश भई छानबिन भएको ।
३. बोलपत्र खोल्दा मुचुल्का भएको र बोलपत्र र सो साथ पेश भएका नमूना सम्बन्धमा देखिएको कैफियत मुचुल्कामा उल्लेख भएको ।
४. मुल्याङ्कन समितिले मुल्याङ्कन गर्दा देखिएको कैफियत समेतलाई उल्लेख गरि प्रतिबेदन पेश गरेको ।
५. मुल्याङ्कन समितिको प्रतिबेदन समेतलाई आधार बनाई सार्वजनिक निकाय प्रमुखले न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्सको बोलपत्र २०६६।८।५ मा स्वीकृत गरेको ।
६. स्वीकृत बोलपत्रदातालाई ७ निको समय दिई सम्झौता गर्न आउनु भनि २०६६।८।७ मा जानकारी दिई अन्य बोलपत्रदातालाई सोको बोधार्थ दिएको ।
७. न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्ससंग २०६६।८।१५ मा रासन आपूर्ति सम्झौता भएको ।
८. ०६६।८।७ को बोधार्थ २०६६।८।२२ मा मात्र पाएको भनि निबेदकले चित्त नबुझेको व्यहोरा दर्शाई सार्वजनिक निकाय समक्ष २०६६।८।२४ मा निबेदन दर्ता गरेकोमा कुनै जानकारी नपाएको भनि सो दर्ता मितिले ७ दिन भित्र पुनरावलोकनको निव्बेदन परेको ।
९. बोलपत्र खोल्दा देखिएको भनि जनिएको कैफियत तौल नपुगेको उल्लेख भएको तर कुन चिज वस्तुमा कति तौल हुन पर्नेमा कति नपुग भएको भन्ने प्रष्ट उल्लेख नभएको ।
१०. नमूना गुणस्तर अनुरुप नभएको भन्ने उल्लेख भएकोमा के हुन गई गुणस्तर नपुग भएको भन्ने उल्लेख भएको नपाईएको ।
११. छनौट भएका न्यू प्रदिप जनरल अर्डर एण्ड सप्लायर्सले पेश गरेको तेलको नमूनाको तौल बोलपत्र खोल्दाको मुचुल्का र मुल्याङ्कन समितिको प्रतिबेदनमा फरक परेको ।
१२. पुनरावलोकन कर्ता निबेदकले पेश गरेको नमूना शिल्ड नगरेको भन्ने उल्लेख भएको ।
१३. पुनरावलोकन कारवाही चल्दैको अवस्थामा रबिन मिर्माण सामाग्री तथा खाद्यान्न सप्लायर्सका प्रोप्राइटरले फर्मको तर्फबाट मैले पुनरावलोकनको लागि दिएको निबेदनमा कारवाही नगरी खारेज गरी पाउँ भनि निज स्वयम्ले समितिमा उपस्थित भै निबेदन दिई सनाखत समेत गरेको ।

माथिको बिवेचनाबाट बोलपत्रदाता एवं सार्वजनिक निकायले आ-आफ्नो तर्फबाट पुरा गर्नुपर्ने दायित्य एवं निर्वाह गर्नपर्ने भूमिका तोकिएको वमोजिम गर्न सकेको देखिँदैन । यी निबेदकले शिल्ड प्याक नै नगरी कम तौलको तेल लगायतका नमूना पेश गरेको र पेश भएको नमूना तोकिएको गुणस्तरको नभएको भन्ने बोलपत्र मुल्याङ्कन समितिको मुल्याङ्कन

र कैफियतबाट देखिनुका साथै निबेदक स्वयम् यस समितिमा उपस्थित भै मैले दिएको निबेदन माथि कारवाही नगरी खारेज गरी पाउँ भनि निबेदन दिई सनाखत समेत गर्नु भएको समेतका आधार प्रमाणबाट निबेदकको निबेदन पुनरावलोकन गरी सार्वजनिक निकायले गरेको निर्णय बदर गरी मेरो बोलपत्र स्वीकृती गरी सम्झौता गराई पाउँ भन्ने माग दाबी पुग्न सक्दैन । सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५(५) १ वमोजिम खारेज हुने ठहर्छ । अन्य कुरामा देहाय वमोजिम गर्ने समेत समितिको निर्णय छ ।

## तपसिल

१.निबेदन खारेज भएकोले निबेदकले राखेको धरौटी रकम जफत हुन्छ, कानून बमोजिम गर्नु ।
२.यो निर्णयको जानकारी निबेदक र सार्वजनिक निकायलाई दिनु ।
३.कागज फाईल सुरक्षितसाथ अभिलेखबद्ध गरी राख्नु ।
४.सरोकार पक्ष नक्कल माग्न आएमा कानून बमोजिम नक्कल दिनु ।

| | | |
|---|---|---|
| (हेमराज गौतम) | (मणिरत्न तुलाधर) | (शम्भु बहादुर कार्की) |
| सदस्य | सदस्य | अध्यक्ष |

ईति सम्बत् २०६६ साल पौष १६ गते रोज ५ शुभम् ..............................................